नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# दार्चुला भन्सार कार्यालय

खलंगा, दार्चुला

## खुल्ला बोलकबोलको माध्यमबाट मालसामान लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सूचना

(सूचना प्रकाशन मिति :- २०८२/०४/२२)

चोरी निकासी/पैठारीको अभियोगमा पक्राउ भई दाखिला भएका तपसिल अनुसारका मालवस्तुहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा मिति २०८२।०५।०५ गते बिहीबार दिनको १३:०० बजे देखि १४:०० बजेसम्म यस भन्सार कार्यालयमा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ अनुसार लिलाम बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ। लिलाम सकार गर्न बोलकबोल गर्ने व्यक्ति/फर्मले न्यूनतन मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नुपर्नेछ, कबोल अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानुपर्नेछ। साथै लिलाम सदर भएको मितिले ७ दिनभित्र पुरै रकम दाखिला गरी मालवस्तु उठाई लैजानुपर्नेछ, सो अवधिभित्र मालवस्तु उठाई नलगेमा धरौटी जफत गरी क्रमशः दोश्रो, तेश्रो र चौथो घटीवालको कबोल अंक स्वीकृत गरिने छ। लिलामबाट लगेका मालवस्तु नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्नेको हकमा लिलाम सकारकर्ताले सम्बन्धित निकायबाट परीक्षण गराई उपभोग योग्य भएमा मात्र उक्त मालवस्तु बिक्री वितरण/उपभोग गर्नुपर्नेछ। साथै लिलाम बढाबढको दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट सोही स्थान, मिति र समयमा लिलाम बढाबढ गराइने छ। साथै कुनै मालवस्तु खरीद बिक्रीका लागि कानून बमोजिम इजाजत चाहिने मालवस्तुको हकमा सो सम्बन्धी इजाजत पत्र प्राप्त गरेका फर्म वा संस्थालाई मात्र खुला बोलकबोलमा सहभागी गराइनेछ। लिलाम स्वीकृत गर्ने, रद्द गर्ने वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। सूचनाका अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन्।

कार्यालय प्रमुख

तपसिल:-

| १५ दिने लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित मिति २०८२/०४/२२ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | मुद्दा नं. | दर्ता मिति | प्रतिवेदक निकाय | मालवस्तुको विवरण | मालवस्तुको प्रतिवेदन मूल्य |
| १ | १३ | २०८१/७/१५ | जिप्रका दार्चुला | चावी सलाई 16 बास्ता, बिंडी 16 पेटी, हाइक्लास सूर्ती 4 बोरा *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ५४६००० |
| २ | १८ | २०८१/११/२१ | नं.44 गण हे.क्वा., दार्चुला | सलाई 2 बण्डल, बिंडी 12 बण्डल, सूर्ती 10 प्याकेट *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ७९२० |
| ३ | २० | २०८१/१२/११ | नं.44 गण हे.क्वा., दार्चुला | बिंडी 69 बण्डल *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | २०७०० |
| ४ | २१ | २०८१/१२/११ | ईप्रका गोकुलेश्वर, दार्चुला | बिंडी ६ पेटी *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | १८०००० |
| ५ | २३ | २०८२/२/२० | नं.44 गण हे.क्वा., दार्चुला | बिंडी 18 पेटी *(अन्तःशुल्क र स्वा.जो.कर समेत)* | ८१०००० |
| ६ | २४ | २०८२/३/२७ | जिप्रका दार्चुला | बिंडी 104 बण्डल | १५६०० |
| ७ | २५ | २०८२/३/३० | जिप्रका दार्चुला | बिंडी 86 बण्डल | १२९०० |
| ८ | १ | २०८२/४/१४ | नं.44 गण हे.क्वा., दार्चुला | लेडिज सुट 13 पिस | ८५०० |
| ९ | २ | २०८२/४/१४ | जिप्रका दार्चुला | बिंडी 73 बण्डल | १३८७० |
| १० | ३ | २०८२/४/२० | नं.44 गण हे.क्वा., दार्चुला | लेडिज सुट 25 पिस | १३८५० |

फोन नं. : ०९३-४२०१३० (Email : darchula@customs.gov.np)